ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक ३२३
७ भदौ २०८० विहीबार
24 Aug. 2023, Thursday
www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# 'मिर्गौला फेल भएको विरामीलाई टाउकोको अप्रेसन'

**अमरेन्द्रकुमार यादव**

**भदौं ६ गते, जनकपुर**




स्वास्थ्य सेवा मानव जीवनका एकदमै महत्त्वपूर्ण तथा अति आवश्यक संवेदनशील संस्था हो। मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने अस्पताललाई निकै संवेदनशील मानिन्छ । सोही संवेदनशीलतालाई मध्यनजर गर्दै सरकारले नियमनका लागि विभिन्न ऐन, नियम र कानुन बनाएको छ ।

तर, यहाँ सरकारले बनाएको कानुन कार्यान्वयन गर्न/गराउन परिचालन गरेको नियामक निकाय र ती निकायका प्रतिनिधि पनि मौन हुँदा आम सर्वसाधारणले दैनिक अकालमै ज्यान गुमाउनु परिरहेको अवस्था छ ।

२०८० साउन १७ गते बुधबार सर्लाहीको कौडेना गाउँपालिका-२, फुलपरासीका ४५ वर्षीय विन्देश्वर मण्डल अचानक बिरामी भएर उपचारका लागि जनकपुरधामको न्यूरो हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.मा भर्ना हुन्छन् ।

चिकित्सकले बिरामीको तत्कालै टाउकोको अप्रेसन गर्नुपर्ने भन्छन् । अस्पतालले एक लाख रुपैयाँ तत्कालै अग्रिम जम्मा गर्न लगाउँछ । त्यसपछि राति ९ बजे अप्रेसन थिएटरमा बिरामीलाई पुऱ्याउँछ । साढे ९ बजे चिकित्सकले विन्देश्वरको दुवै मिर्गौला फेल भएको परिवारजनलाई जानकारी गराउँछन् ।

'अप्रेसन गरेपछि निको हुन्छ, बाहिर लानु पर्दैन भनेर टाउकोको अप्रेसन गरे, पछि हामीलाई आएर दुवै किड्नी फेल भएको छ भने', बिरामीका भतिज रामजीवनले भने, 'यो त चरम लापरबाही हो नि ! दुवै किड्नी फेल थियो भन्ने कुरा पहिला भन्नुपर्थ्यो नि !'

दुवै किड्नी फेल भएको बिरामीको टाउकोको अप्रेसन किन गरियो भन्ने उनको प्रश्न छ । उनका अनुसार बिरामीको अवस्था झन् खराब हुँदै गएपछि अस्पतालले उपचार नहुने भन्दै घर लैजान भन्यो । उपचार खर्चबापत २ लाख ४० हजार रुपैयाँ लिएर बिरामीलाई जर्बजस्ती घर फर्काइदिएको रामजीवनले बताए ।

घर फर्केको भोलिपल्टै साउन २० गते बिहान साढे ७ बजेतिर विन्देश्वरको मृत्यु भयो ।

दर्ता बिना नै संचालनमा रहेको यो अस्पताल डेढ वर्षदेखि जनकपुरको विषहारा चोकमा सञ्चालनमा छ ।

२०८० साउन ३ गते बुधबार पाठेघरमा घाउ भएपछि शल्यक्रियाका लागि जनकपुरधामको सुरक्षा हस्पिटलमा भर्ना भएकी जनकपुरधाम-१५ कपिलेश्वरकी २८ वर्षीय सोनिया साहको दुई दिनपछि मृत्यु भयो । मृत्यु पश्चात मृतकका आफन्तजनले कारबाहीको माग गर्दै प्रदर्शन गरे । तर, अस्पताल पक्षले मृतक पक्षलाई ११ लाख रुपैयाँ दिएर घटना ढाकछोप गर्दै मिलापत्र गर्यो।

मधेस प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अनुसार २०७८ मा दर्ता भएको यो अस्पताल नवीकरण भएको छैन । मन्त्रालयले उपलब्ध गराएको अस्पताल दर्ता सूचीमा भने यो अस्पतालको नाम उल्लेख छैन । यसले मन्त्रालयकै संरक्षणमा आम सर्वसाधारणको ज्यानसँग खेलबाड गरिरहेको प्रस्ट हुन्छ ।जनकपुरधामको रामानन्द चोकस्थित नैना हस्पिटलमा पनि केही महिनाअघि चिकित्सकको लापरबाहीका कारण एक नवजात शिशु तथा एक सुत्केरी महिलाको मृत्यु भयो ।

नवजात शिशु र सुत्केरी महिलाको मृत्यु भएको विषयले उग्र रुप लिएपछि अस्पताल बिना दर्ता सञ्चालनमा रहेको रहस्य खुल्यो । चौतर्फी दबाब परेपछि उक्त अस्पताल सिल गरियो । सिल भएपछि केही महिना बन्द रहेको उक्त अस्पताल मधेस प्रदेशस्थित स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट २६ बेडको अनुमति लिई फेरि सञ्चालमा आयो ।

जनकपुरको पिडारी चोकस्थित समर हस्पिटलमा पाठेघरको सामान्य समस्या लिएर उपचारका लागि पुगेकी सबैला नगरपालिका-१३, पर्साही टोल निवासी ईन्दल कापरकी श्रीमती ३० वर्षीय ममता देवी कापरको पाठेघरको शल्यक्रिया पश्चात मृत्यु भयो । ममताको शल्यक्रिया घर परिवारको अनुमति बिना भएको परिवारजनको भनाइ थियो । पछि अस्पताल पुऱ्याएका बिचौलियाले उनको मन्जुरीनामामा हस्ताक्षर गरेको पाइयो । जनकपुरधाम उपमहानगरपालिका कार्यालयबाट २५ शय्याको अनुमति लिई सञ्चालनमा रहेको यो अस्पताल २०७८ वैशाख १७ यता नवीकरण नगरेको पाइएको छ ।

यी घटना तथा अस्पतालका लापरबाही उदाहरणमात्रै हुन् । जनकपुरमा यस्ता अवैध रुपमा सञ्चालित दर्जनौं अस्पताल छन्, जसले दिनदाहाडै आम सर्वसाधारणको अनाहकमा ज्यान लिइरहेका छन् ।

जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र मात्रै पाँच दर्जनभन्दा बढी अस्पताल सञ्चालनमा छन् । जसमध्ये आधाभन्दा बढी बिना दर्ता, नियमनकारी निकायकै संरक्षणमा मापदण्ड विपरीत सञ्चालन रहेको पाइएको छ ।

दर्ता भएकामध्ये पनि कतिपय अस्पताल मापदण्ड विपरीत सञ्चालित छन् । स्रोत साधन नभए पनि कागजातकै भरमा दर्ता गरेर मापदण्ड विपरीत अस्पताल सञ्चालनमा छन् । कतिपय अस्पताल सटरमै सञ्चालन भएको समेत देखिन्छ । नियामक निकाय उदासीन भएपछि केही चिकित्सक तथा सञ्चालकले मनपरी रुपमा अस्पताल सञ्चालन गरेको पाइन्छ ।सटरमा अस्पताल सञ्चालनमात्र होइन, रिसर्च नै नगर्नेहरुले ब्यानरमा 'हस्पिटल एण्ड रिसर्च सेन्टर' भनेर सञ्चालन गरिरहेका छन्।

उनीहरुले के रिसर्च गर्छन् भन्नेबारे मन्त्रालय नै अनभिज्ञ छ । 'उनीहरुले के रिसर्च गर्छन् भन्ने कुरा उनीहरुसँग नै सोध्नुहोला, के रिसर्च गऱ्यो र गर्छन् भन्ने हामीलाई थाहा भएन,' मधेस प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोद कुमार यादवले भने ।

रिसर्च सेन्टरको एउटा निश्चित मापदण्ड हुने र जनकपुरमा 'रिसर्च सेन्टर' भनेर सञ्चालित धेरैजसो अस्पतालले कर छुटका लागिमात्र रिसर्च सेन्टर भनेर दर्ता गरेको हुन सक्ने उनले बताए ।

दर्ता नभएका अस्पतालहरुको अनुगमनका लागि मन्त्रालय गृहकार्यमा लागिसकेको उनले बताए । बिरामीको चाप सरकारी अस्पतालले मात्रै धान्न सक्ने अवस्था नरहेकोले निजीले सुलभ तरिकाले गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने उनको भनाइ छ । तर दर्ता बिना नै अस्पताल सञ्चालन गर्नु कानुनी अपराध रहेकाले कारबाहीको तयारी गरिरहेको उनले बताए ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिकामा स्वास्थ्य क्लिनिक, डाईग्नोष्टिक सेन्टर, पोलिक्लिनिक तथा पच्चीस शय्यासम्मका जनरल अस्पतालका लागि सम्बन्धित स्थानीय तहको निर्णय अनुसार, आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सासँग सम्बन्धित स्वास्थ्य संस्थाहरुका हकमा दश शय्या र पच्चीस शय्यादेखि माथिका अस्पतालहरु र विशेषज्ञ अस्पताल दर्ता गर्नका लागि सम्बन्धित स्थानीय तहको कार्यपालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचना वा मन्त्रालयबाट हुने प्रावधान छ ।

मधेस प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. मुक्ति नारायण साह भन्छन्, 'बिना दर्ता सञ्चालनमा रहेका अस्पतालहरुको लिस्ट तयार भइरहेको छ । अब अनुगमन गरी स्थानीय तहसँग समन्वय गरेर कारबाही प्रक्रिया अगाडि बढाइन्छ ।'

मापदण्ड पूरा नगरेकालाई एकचोटी मौका दिएर दर्ता गराउन निर्देशन दिइने र तत्पश्चात पनि दर्ता प्रक्रियामा नआए अस्पताल बन्द गराउन जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गरिने उनले बताए । उनका अनुसार हालसालै बिना दर्ता गरी सञ्चालन गरेको न्यूरो हस्पिटललाई स्वास्थ्य सेवा विभागले कारबाहीका लागि प्रतिवेदन नै तयार पारिसकेको छ । अबको एक दुई दिनभित्र प्रतिवेदन अनुसार कारबाहीका लागि जिल्ला प्रशासन कार्यालय धनुषामा सिफारिस भइसक्ने उनले जनाए ।

मापदण्ड विपरीत सञ्चालित अस्पताललाई सिल नै गर्नुपर्ने अभियन्ता सरोज कुमार मिश्र बताउँछन् । अस्पताल कुन सरकार मातहतमा दर्ता भएको हो भन्ने विवरण खुलाएर अस्पतालको दररेट सहितको नागरिक वडापत्र राखिनुपर्ने उनले बताए ।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा शद्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

सम्पादकीय

## दीर्घकालीन योजनालाई प्राथमिकता दिनुपर्छ

दीर्घकालीन महत्वका रूपान्तरणकारी योजना तथा कार्यक्रममा लगानी नगरी आर्थिक सामाजिक रूपान्तरण सम्भव नभएकाले योजना तथा बजेट प्राथमिकीकरणमा स्थानीय तहका जनप्रतिनिधि कर्मचारीलाई बजेट तथा कार्यक्रम तर्जुमा र छनोटसम्बन्धी तालिम, अभिमुखीकरण गर्न ढिला भइसकेको छ। निर्वाचित जनप्रतिनिधिलाई पदभार ग्रहण गर्नुपूर्व कम्तीमा १५ दिने नीति, कानुन, मादपण्ड, बजेट तर्जुमा, कार्यान्वयन, वित्तीय सुशासनसम्बन्धी तालिम एवं अभिमुखीकरण आवश्यक छ। यसलाई संस्कारकै रूपमा विकास गरिनु पर्दछ। त्यस्तै तालिम र अभिमुखीकरण स्थानीय तहका कर्मचारीलाई आवश्यक छ। बजेट तथा कार्यक्रम प्राथमिकीकरणसम्बन्धी सङ्घ र प्रदेश सरकारले मापदण्ड बनाउन जरुरी देखिन्छ। जसमा कुल विकास बजेटको कम्तीमा ५० प्रतिशत बजेट दीर्घकालीन महत्वका योजनामा लगानी गर्ने, कम्तीमा ३० देखि ४० प्रतिशत बजेट उद्यमशीलता र रोजगारी सिर्जना गर्ने क्षेत्रमा परिचालन गर्ने, प्राथमिकता प्राप्त क्षेत्रमा कम्तीमा ५० प्रतिशत बजेट विनियोजन गर्नुपर्ने जस्ता बाध्यात्मक व्यवस्थाहरू राखिनु पर्छ। कुल विनियोजनको ४० प्रतिशतभन्दा बढी खर्च चालुतर्फ विनियोजन गर्न नपाइने व्यवस्था गरिनु पर्दछ। बजेटको अधिक खण्डीकरणलाई निरुत्साहन गर्न कुल बजेटको बढीमा ०.०००१ प्रतिशतले हुन आउने सङ्ख्याभित्र बजेट तथा कार्यक्रम विनियोजन गर्नुपर्ने व्यवस्था राख्न सकिन्छ। सम्पन्न हुने वा मर्मतसम्भार गर्नुपर्ने योजनामा बाहेका १० लाख रुपियाँभन्दा कमका योजनाहरू बनाउन नपाइने प्रबन्ध गरिनु पर्दछ। एउटा योजना सम्पन्न नभएसम्म निरन्तर बजेट विनियोजन गर्ने पद्धति विकास गर्नु अपरिहार्य भइसकेको छ। यसका लागि मध्यकालीन खर्च संरचनासँग आबद्ध गरिनु पर्छ। पालिकाको यो बजेट तर्जुमा तथा खर्च गर्ने प्रणालीलाई सङ्घ र प्रदेश सरकारका विभिन्न अनुदानसँग आबद्ध गरिनु पर्दछ। वित्तीय हस्तान्तरणलाई यस्तै वित्तीय सुशासनको प्रगतिसँग आबद्ध गरिनु पर्दछ। समय समयमा पालिकाहरूको तुलनात्मक अध्ययन गरी राष्ट्रिय सञ्चार माध्यम तथा सामाजिक सञ्जालमार्फत यथार्थ अवस्था सार्वजनिक गरिनु पर्दछ। राष्ट्रिय तथा प्रादेशिक योजना तथा कार्यक्रम समीक्षा गोष्ठीमा यसलाई जोडतोडका साथ छलफल गर्ने वातावरण बनाइनु पर्छ। सङ्घ र प्रदेशबाट बजेट विनियोजन भई निर्माण हुने योजनहरूसँग समेत यसलाई आबद्ध गरिनु पर्छ। सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र महालेखा परीक्षकको कार्यालयबाट हुने लेखा परीक्षणमा समेत यसको लेखा परीक्षण हुने व्यवस्था गरिनु पर्छ। पालिकाको यथार्थ अवस्था सबैलाई जानकारी गराई स्थानीय तहलाई नागरिकप्रति जवाफदेही र नीतिप्रति प्रतिबद्ध बनाइनु पर्छ।

# अनुसन्धानमा विश्वासको संकट

डा. महेन्द्र विष्ट

सुशासन नारामा मात्र सीमित छ। राजनीतिको अपराधीकरण र अपराधको राजनीतीकरण भैरहेको छ। नेपाली राजनीति अहिले पनि नक्कली भुटानी शरणार्थी, ललिता निवास जग्गा घोटाला र सुन तस्करी प्रकरणको वरिपरि घुमिरहेको छ। केही महिनाअघि सबैभन्दा पहिले नक्कली भुटानी शरणार्थी प्रकरणको पटाक्षेप भयो। उच्च राजनीतिक र प्रशासनिक नेतृत्वसमेत धमाधम पक्राउ परेपछि यो प्रकरणले निकै हलचल मच्चायो। यसमा अन्य केही उच्च राजनीतिक नेतृत्व र पारिवारिक सम्बन्धका क्षेत्रमा अनुसन्धान प्रवेश गर्न नसकेको सन्दर्भमा गुनासो रह्यो।

तर पनि आमरूपमा यो प्रकरण भ्रष्टाचार तथा संगठित अपराध नियन्त्रणका सन्दर्भमा कोशेढुंगा सावित भैरहेको थियो। ललिता निवास जग्गा हिनामिना प्रकरणमा पनि सुरुवाती अनुसन्धान राम्रैसँग अघि बढ्यो। अख्तियारले विगतमा ललिता निवास भ्रष्टाचारका सन्दर्भमा हात हाले पनि टुंगोमा पुऱ्याउन नसकेको अवस्थामा पछिल्लो अनुसन्धान अलि बढी गहन बन्दै थियो। तर, यो पनि एउटा बिन्दुमा पुगेर रोकियो।

प्रहरीको अपराध अनुसन्धान ब्युरो (सीआईबी)ले पहिलो चरणमा बिना मोलाहिजा प्रमाण पुग्ने सबैलाई पक्राउ गरी अनुसन्धानको दायरामा ल्याएको अनुभूति भयो। सत्ता र विपक्षी पार्टीका उपप्रधानमन्त्री, मन्त्री, सल्लाहकार, सचिवलगायतका उच्च पदस्थ व्यक्तिसमेत पक्राउ पर्दा व्यापक जनसमर्थन प्राप्त भयो। सरकारले सुशासनको क्षेत्रमा निकै बलियो कदम चाल्ने विश्वास आमनागरिकमा पलायो। कतिपयले यो प्रक्रिया निर्देशित हो वा स्वतन्त्र रूपमा भैरहेको छ भन्नेमा शंका गरे। तर, त्यो आवाज कमजोर बन्यो। अनुसन्धानको गति नरोकिने र दोषी जो भए पनि नछोड्ने सरकारी स्वर नै बलियो बन्यो।

तर, यो परिस्थिति लामो समयसम्म कायम रहेन। अनुसन्धानको प्रक्रिया स्वतन्त्ररूपमा अघि बढ्न सकेन। विपक्षी राजनीतिक दलहरू र सत्तापक्षकै कतिपय नेताहरूले आशंका गरेझैं अनुसन्धानको रिमोट प्रधानमन्त्री, गृहमन्त्री र सत्ता गठबन्धनको नेतृत्वको हातमा रहेको पुष्टि हुँदै जान थाल्यो।

अनुसन्धानको सुई उनीहरूकै चाहनाअनुसार घुमिरहेको तर्कमा दम देखियो। आफ्नालाई जोगाउने र अर्कोलाई फसाउने गरी अनुसन्धान अघि बढ्न थाल्यो।

त्यसको परिणाम पछिल्लो समयमा ललिता निवास जग्गा घोटला प्रकरणमा अझ टड्कारो रूपमा प्रकट भयो। टिप्पणी उठाउनेमात्र होइन, निर्णय गर्ने उच्च पदस्थ व्यक्तिलाई पनि अनुसन्धानको दायरामा ल्याउन सर्वोच्च अदालतबाट आदेश भयो। तर, सरकार प्रमुख र सत्तापक्षको उच्च नेतृत्व अदालतकै विपक्षमा उत्रियो। सर्वोच्चको आदेश बालुवाटार बैठकको एजेन्डा बनाउने एवं असंवैधानिक, गैर कानुनी र अनैतिक ढंगबाट त्यसविरुद्ध संगठित प्रतिवाद गर्ने काम भयो। अदालतको आदेश मानेमा सरकारको भविष्य अनिश्चित हुने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको मत आएको सार्वजनिक नै भयो। त्यस्तै पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले विगतमा पार्टी विभाजनसमेत गरेर नयाँ राजनीतिक कोर्सअनुसार आफूलाई प्रधानमन्त्री बनाउन लगाएको गुण बिर्सन नसकिने प्रतिक्रिया कांग्रेस सभापति शेर बहादुर देउवाले व्यक्त गरेको धारणा पनि सार्वजनिक भयो। यसको संकेत प्रधानमन्त्री प्रचण्डले सम्पादकहरूसँग भनेका थिए।

सम्पादकहरूसँग खुलेरै प्रस्तुत भएका प्रचण्डले ललिता निवास जग्गा घोटला प्रकरणमा नक्कली मोही र नक्कली गुठी खडा गर्ने गरी मन्त्रिपरिषद्बाट निर्णय गराउने तत्कालीन प्रधानमन्त्री नेपाल र बाबुराम भट्टराईलाई अनुसन्धानको दायरामा ल्याउँदा अप्ठेरो पर्ने बताएका थिए। सत्ता गठबन्धनको बैठकमा भएको बहसको आंशिक झलक अघिल्लो दिन नै सम्पादकहरूलाई दिएका प्रचण्डले भोलिपल्ट एक कदम अघि बढेर भनेका थिए- यस्तो फैसलाले भूतपूर्वमात्र होइन, बहालवाला प्रधानमन्त्रीलाई नै अप्ठेरो पर्छ। नभन्दै भयो पनि त्यही। सुरुमा बयानसम्म लिने निष्कर्षमा पुगेको सत्ता गठबन्धन पछि बयान पनि नलिने पक्षमा उभियो। र, उनीहरूलाई अनुसन्धानको दायरामै नल्याई प्रहरीको अनुसन्धान प्रतिवेदन तयार गरियो। यद्यपि व्यापक जनदबाबपछि सरकारी वकिल समक्ष बुझाउन ठीक पारिएको प्रतिवेदन रोकेर पूर्वप्रधानमन्त्री नेपाल र भट्टराईको बयान कागज भने गराइयो। तर, यो कार्य विरोध मत्थर पार्नमात्र भएको आशंका कायमै छ।

प्रधानमन्त्री प्रचण्डले सम्पादकहरूसँगको अन्तरक्रियामा व्यक्त गरेको अर्को सन्दर्भ थियो- सुन प्रकरणमा मुछिएका कृष्णबहादुर महरा बाबुछोराको प्रसंग। यसमा पनि आफूले प्रहरीसँग पटकपटक छलफल गरेको तर प्रहरीले निर्देशनअनुसार काम नगरेको उनको तर्क थियो। कांग्रेस सांसद सुनील शर्मालाई पक्राउ नगर्न भनेको पनि उनले सम्पादकहरूसँग बताएका थिए। सय किलो सुन पक्राउ प्रकरणका सन्दर्भमा पनि प्रधानमन्त्रीको भिन्दैखाले तर्क थियो। आफूले दिनका दिन विमानस्थलबाट सुन तस्करी हुने गरेको सूचना पाएरै आफू निकट व्यक्तिलाई त्यहाँ पठाएको जिकिर थियो।

अनुसन्धान अपराधको जडसम्म पुग्ने कुरामा शंका उठेको बेला प्रधानमन्त्री र गृहमन्त्रीले आश्वस्त पार्ने प्रयास गरिरहे। तर, भनाइ र गराइमा विरोधाभाष देखियो। अनुसन्धानमा हस्तक्षेप गर्ने, प्रहरीका उच्च अधिकारीलाई दबाबमा राख्ने, अनुसन्धानमा संलग्नलाई एउटा चक्र पूरा गर्नै नदिई अकस्मात सरुवाको निर्णय गर्ने जस्ता कार्य भए। प्रमुख विपक्षीले झन्डै एक महिनादेखि संसद् अवरुद्ध गरेर उच्चस्तरीय छानबिनको माग गरिरहँदा प्रधानमन्त्री, गृहमन्त्री र सत्तापक्षका कतिपय नेताको तर्क प्रहरीलाई स्वतन्त्र रूपमा अनुसन्धान गर्न दिनु नै उपयुक्त हुन्छ भन्ने थियो। यसको अन्तर्यमा अनुसन्धानलाई निर्देशित गर्ने र यसलाई पाकिस्तानी मोडेलमा हिँडाउने रहेको पुष्टि हुँदै गएको छ। नेतृत्वको मिलिभगतमा आफ्ना जोगाउने, विरोधी तह लगाउने यस्तो प्रक्रियाले न्याय मर्नेमात्र होइन, राजनीतिक प्रणाली नै जोखिममा पर्ने खतरा हुन्छ।

मुलुकमा भ्रष्टाचार व्याप्त छ। संगठित अपराधका घटना भैरहेका छन्। र, यसमा उच्च राजनीतिक-प्रशासनिक नेतृत्वको संलग्नता वा संरक्षण छ भन्ने जगजाहेर छ। सुशासन नारामा मात्र सीमित छ। राजनीतिको अपराधीकरण र अपराधको राजनीतीकरण भैरहेको छ। राजनीतिक नेतृत्वमा मुलुक निर्माणको न भिजन छ, न इमान्दार पहल। यसले मुलुकको आर्थिक-सामाजिक अवस्था झन्झन् कष्टकर बन्दै गएको छ। रोजगारीको लागि बिदेसिने क्रम बढ्दो छ। सरकार स्वदेशमा राजेगारी सिर्जना गर्ने भन्दा रेमिट्यान्स बढेको आँकडा देखाएर अर्थतन्त्र सकारात्मक दिशामा रहेको तर्क गर्न व्यस्त छ। उच्च शिक्षाको निम्ति मेधावी विद्यार्थी लाखौं संख्यामा बिदेसिँदै छन्। सरकार यसमा रत्तिभर चिन्तित छैन। स्वास्थ्य क्षेत्रमा उस्तै अवस्था छ। पुँजी पलायन उसैगरी बढिरहेको छ। मुलुकका सामु विद्यमान यस्ता चुनौतीको सामना गर्न संरचनागत सुधार अपरिहार्य छ। त्यसको निम्ति राजनीतिक नेतृत्वले सामूहिक पहल गर्न आवश्यक छ। गलत अभ्यासको दुष्चक्र तोडेर मुलुक निर्माणको ऐतिहासिक दायित्व पूरा गर्न जिम्मेवार राजनीतिक दल र नेतृत्व अग्रसर हुनुपर्छ। यसमा ठूला राजनीतिक दलको दायित्व अझ बढी छ। अन्नपूर्णपोष्ट

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |


### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

## कार्यपालिका बैठक प्रत्यक्ष प्रसारणको व्यवस्था नगरिए
# बैठक बहिष्कार गर्छु : गौशला उपमेयर महतो



**खबर दर्पण समाचारदाता**

**भदौं ६ गते, महोत्तरी**

गौशाला नगरपालिकाकी उपमेयर रेनुकुमारीले नगर कार्यपालिकाको बैठक संचार माध्यमबाट प्रत्यक्ष प्रशारण गर्नुपर्ने माग गरेकी छिन् ।

बुधवार सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै उनले कार्यपालिका बैठक प्रत्यक्ष प्रसारण हुनुपर्ने माग गरेकी हुन् । उनले भनिन्, 'बहुमतको आडमा आफूलाई चौतर्फी घेराबन्दीमा पार्न खोजिएको छ । कार्यपालिका बैठकमा के भईरहेको छ । कसको गल्ती छ । कसले के गरिरहेको छ । त्यो सबै जनताले बुझ्न पाउनुपर्छ।' यसअघिको कार्यपालिका बैठकको निर्णयहरु समेत सार्वजनिक नभई रहेको प्रति आपति जनाउँदै कार्यपालिका बैठक प्रत्यक्ष प्रसारण हुनुपर्ने विषयमा पटक पटक आवाज उठाउँदा पनि कुनै सुनवाई नभएको उनले उल्लेख गरिन् । कार्यपालिका बैठक लाईभ हुनुपर्ने विषयमा आज बुधवार) पनि निमित्त प्रमुख प्रशासकिय अधिकृत शौर्या साहलाई जानकारी गराएको उपमेयर रेनुले सुनाइन् ।

'कार्यपालिका बैठक लाइभ गर्न आज हाकिम साबलाई पनि जानकारी गराएको छु। बैठक अलिक ढिलै भएपनि प्रत्यक्ष प्रसारण हुनुपर्छ,' उनले भनिन् ' प्रत्यक्ष प्रसारणको व्यवस्था नगरिए बैठक बहिष्कार गर्छु । उपस्थित हुन्न् ।' आज २ बजेको लागि कार्यपालिका बैठक डाकिएको छ ।

# महोत्तरीको सदरमुकाम जलेश्वर बन्द




**महेशकुमार दास**

**भदौं ६ गते, महोत्तरी**

उद्योग वाणिज्य सङ्घ जलेश्वरले बुधबार जलेश्वर बजार बन्द गराएको छ ।

बजार बन्द भएपछि अवस्था तनाव ग्रस्त बनेको छ ।

मिटरव्याज पीडितहरुले मङ्गलबार दिउँसो निकालेको विरोध जुलुस प्रर्दशन गर्ने क्रममा जलेश्वरका व्यवसायीलाई सडकमै दुर्व्यवहार गरी कुटपिट गरेको भन्दै बुधबार बिहानैदेखि निजी विद्यालय, पसल, बजार बन्द गरेर व्यपारीहरु आन्दोलन उत्रेका छन्

मिटरब्याज पीडितले एक जना स्थानीय व्यवसायीलाई कुटपिट गरेको थियो भने अर्का एक जना व्यवसायीलाई सुरक्षाका लागि भन्दै प्रहरीले नियन्त्रणमा लिएको थियो ।


मिटरब्याज पीडितहरुले सरकारले ल्याएको ऐनमा संशोधनको माग गर्दै मङ्गलबार जलेश्वरमा प्रदर्शन गर्नुका साथै पाँच बुँदे माग उल्लेखित ज्ञापनपत्र जिल्ला प्रशासन कार्यालय महोत्तरीमा बुझाएका थिए ।मिटरब्याज पीडितहरुले प्रदर्शन गरिरहेका बेला आन्दोलनकारीले व्यवसायीलाई कुटपिट गरेको भन्दै व्यापारीहरु प्रतिकार गर्दै सडकमा उत्रेका छन् ।

मिटरब्याज पीडितको नाममा अराजक गतिविधि गर्नेहरुलाई कारवाही नभएसम्म बजार बन्द यथावत राख्ने जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष लभराजा सिंहले जानकारी दिनुभयो ।

"प्रदर्शन गर्ने बहानामा स्थानीय व्यावासयीलाई दुर्व्यवाहर गर्नु र कुटपिट गर्नु गलत हो ।" सङ्घका अध्यक्ष सिंहले भन्नुभयो "आफ्नो मागका लागि प्रदर्शन गर्ने बहानामा स्थानीय व्यावसायीलाई कुटपिट र दुर्व्यवहार गर्नेलाई कारवाही हुनुपर्छ । दोषीलाई कारवाही नगरुन्जेल बजार बन्द रहनेछ ।"

जलेश्वर बजार बन्दका कारण सर्वसाधारणको जनजीवन कष्टकर बनेको छ । यता व्यवसायीहरुले चौकचौकमा नारबाजी गरेर दोषीलाई कारवाहीको माग गरिरहेका छन् । जिल्ला प्रहरी कार्यालय महोत्तरीले कुनै अप्रिय घटना हुन नदिन सदरमुकाम जलेश्वरमा सुरक्षाकर्मी परिचालन गरेका छन् । यता मिटरब्याज पीडितले आन्दोलन बिथोल्न आफूहरुमाथि यस्तो आरोप लगाएको बताएका छन् ।

# अपांगता भएका व्यक्तिहरुलाई परिचयपत्र लिन कठिनाइ



**खबर दर्पण समाचारदाता**

**भदौं ६ गते, महेन्द्रनगर**

अपांगता अधिकार सम्बन्धी सिकाइ आदानप्रदान तथा क्षमता अभिवृद्धि कार्यशालाका वक्ताहरूले अपांगता भएका व्यक्तिहरुको पहिचान र पहुँचको समस्या अझै कायम रहेको बताएका छन् ।

अपांगता भएका व्यक्तिहरु राज्यले दिने सेवा सुविधा, अधिकारबाट वञ्चित हुनुका साथै दैनिक हिंसामा परिरहेको सरोकारवालाहरूले बताएका छन् । स्थानीय तह भइसक्दा समेत सेवासुविधाबाट वञ्चित हुनुको मूल कारण राजनीतिक स्वार्थ र दक्ष जनशक्तिको अभाव रहेको वक्ताहरुले तर्क गरेका छन् ।

राष्ट्रिय अपांग महासंघ मधेसका अध्यक्ष किरण पासवानले अपांगता भएका व्यक्तिहरुलाई परिचयपत्र लिन कठिनाइ भइरहेको बताए । पाउनुपर्ने व्यक्तिले परिचयपत्र नपाएको र अपांगता नभएका व्यक्तिले परिचपत्र पाएर त्यसको दुरुपयोगसमेत गरिरहेको उनको दाबी थियो ।

गाउँपालिका महासंघ मधेसकी उपाध्यक्ष ममता महतोले स्थानीय तहमा विज्ञ कर्मचारीको अभावले अपांगता भएका व्यक्तिहरुको समस्या समाधान हुन नसकेको बताइन् । नेपाल सरकारले अपांगता भएका व्यक्तिहरुको परिचयपत्रका लागि बनाइएको निर्देशिका अस्पष्ट हुँदा पनि समस्या भइरहेको बताइन् ।

कार्यक्रममा विभिन्न पालिकाका उपप्रमुखहरुले अपांगता भएका व्यक्तिहरुलाई कसरी परिचयपत्र वितरण भइरहेको छ, अपांगता भएका व्यक्तिहरुलाई सेवा सुविधा कसरी उपलब्ध गराइएको छ भन्ने विषयमा अनुभव सुनाएका थिए । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव रामकृष्ण लामिछानेले अपांगता भएका व्यक्तिहरुको सेवा सुविधा उपलब्ध गराउनका लागि स्थानीय तहले अग्रसरता देखाउनु आवश्यक रहेको बताए । 'जनशक्ति अभाव भएको अवस्थामा स्थानीय पालिकाले आफैं पनि कर्मचारी राखेर सेवा दिनुपर्छ,' सहसचिव लामिछानेले भने ।

मधेस प्रदेशको शिक्षा तथा समाज कल्याण मन्त्रालयकी उपसचिव देवकुमारी खत्रीले प्रदेशमा मन्त्रालय टुट्ने फुट्ने क्रम जारी रहेकाले अपांगता भएको क्षेत्रमा खासै काम नभइको बताइन् । तीनै तहका सरकारबीच समन्वय गरेर अपांगता क्षेत्रमा काम गर्नु आवश्यक रहेको उनले औंल्याएकी थिइन् । कार्यशालामा अपांगताको अवधारणा, नीतिगत व्यवस्था, स्थानीय तहमा अपांगता समन्वय समितिको भूमिका तथा जिम्मेवारी विषयमा छलफल र परामर्श भएको थियो ।

सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

**वागमती सिंचाई आयोजना, कर्मैया, सर्लाही**

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस**

**हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौं ।**

**लक्षणहरु**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



**रोकथामका उपायहरु**

**भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौँ।**

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

**भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफैँ निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौँ ।**

**गौशाला नगरपालिका**
**महोत्तरी**

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**बटेश्वर गाउँपालिका**
**बटेश्वर, धनुषा**

# गाई–गोरुको हत्या गर्नेलाई कारबाहीको माग गर्दै साधु सन्तहरु द्वारा आन्दोलन गर्ने चेतावनी



**खबर दर्पण समाचारदाता**

**भदौं ६ गते, जनकपुर**

गाई-गोरुको हत्या गर्नेलाई कार बाहीको माग गर्दै जनकपुरधामका साधु सन्तहरुले आन्दोलन गर्ने चेतावनी दिएका छन्।

बुधबार तुल्सी जन्मोत्सवको आयोजित कार्यक्रमपछि एक पत्रकार सम्मेलन आयोजना गरी जानकी मन्दिरका उतराधिकारी महन्थ रामरोशन दास वैष्णवले गाई/गोरु काटेर मासु खानेलाई नेपाल सरकारले कानुन बमोजिम कडा कारबाही नगरे चुप नबस्ने भन्दै आन्दोलनको चेतावनी दिएका हुन्।

महन्थ दासले भने, 'नेपालमा गाईलाई माता सरह पूज्यनीय छन्। हामी साधुसन्त सहित हिन्दु समाजले गाई/गोरुलाई माता मानेर पूजा गर्छौं। तर धरानमा केही व्यक्तिहरूले गाई/गोरुलाई काटेर सामूहिक भोज गरे। यसरी गाई/गोरुलाई काटेर मासु खानेहरुलाई सरकारले कारबाही नगरे अब हामी साधुसन्त समाज र जनकपुरवासी चुप्प बस्नेवाला छैनौ। हामीहरू आन्दोलनमा उत्रनेछौँ र त्यसको सम्पूर्ण जिम्मेवारी नेपाल सरकारकै हुनेछ।'

'नेपालको विभिन्न ठाउँमा हिन्दु धर्म प्रतिको ठाँडो हस्तक्षेप स्वरूप गाँईगोरुको हत्या भएको छ, त्यसका अपराधीहरूलाई कानुनी कारबाहीको लागि माग गर्दछु,' उनले भने। हिन्दूसहित साधुसन्त समाजले केही गर्न सक्दैन भनेर नबुझ्न र नसोच्न पनि उनले चेतावनी दिए।

केही दिनअघि धरानमा केही व्यक्तिहरूले गाई/गोरु काटेर सामूहिक भोजकै आयोजना गरेका थिए। ती सामूहिक भोजको फोटो सामाजिक सञ्जालमा भाइरल भएको थियो।

# लहान नापी कार्यालयको अमिन घुससहित अख्तियारको फन्दामा

**खबर दर्पण समाचारदाता**

**भदौं ६ गते, लहान**



नापी कार्यालय लहानका अमिनलाई सेवाग्राहिसँग लिएको १० हजार रुपैयाँ घुसहित अख्तियार टोलीले पक्राउ गरेको छ।

सेवाग्राहिलाई जग्गा धनि पूर्जा बनाउन लिएको घुस रहम सहित अमिन दिपरञ्जन यादवलाई बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यालय बर्दिवासको टोलिले पक्राउ गरेको हो।

अमिन यादवले जग्गाधनि पुर्जा बनाउने क्रममा सेवाग्राहीसँग घुस माग गरेको उजुरी निवेदनको आधारमा लहान आएका अख्तियार टोलीले सेवाग्राहीबाट लिएको दश हजार रुपैयाँ घुस बापतको रकम सहित अमिन यादवलाई पक्राउ गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए।

आयोगले घटनाका सम्वन्धमा थप अनुसन्धान भइरहेको जनाएको छ।

# जग्गाको कित्ताकाट खोल्नुपर्ने माग गर्दै नापी कार्यालय र मालपोत कार्यालय विरुद्ध आन्दोलन

**खबर दर्पण समाचारदाता**

**भदौं ६ गते, जनकपुर**



जग्गाको कित्ताकाट खोल्नुपर्ने माग गर्दै जनकपुरधामसहित धनुषाका जग्गाधनी तथा व्यवसायीहरु जिल्ला नापी कार्यालय र मालपोत कार्यालयविरुद्ध आन्दोलनमा उत्रेका छन्। बुधबार उनीहरुले जग्गाको कित्ताकाट तत्काल खोल्नुपर्ने माग गर्दै जुलुस प्रदर्शन गर्दै नापी कार्यालय धनुषा समेत घेराउ गरेका छन्। जुलुसमा सहभागीहरुले विभिन्न नारा लगाउँदै नापी कार्यालय घेराउ समेत गरेका हुन।

जनकपुरधामको जनकचोकबाट निस्केको विरोध जुलुस जग्गाको कित्ताकाट यथाशिघ्र संचालन गर, सेवाग्राहीमाथिको दमन र अत्याचार बन्द गर तथा घुसखोर र भ्रष्टाचारी बन्द गर लगायतका नारा समेत लगाएका थिए।

देशभरिमा ८० वर्गमिटरभन्दा माथिको जग्गा कित्ताकाट गर्ने भनी राजपत्रमा समेत प्रकाशित भई केन्द्रबाट परिपत्र पनि जिल्लास्थित कार्यालयहरुमा भइसकेको अवस्थामा धनुषाको नापी कार्यालयले रोक्नु गलत रहेको भन्दै तत्काल खोल्नुपर्नेमा मागसहित उनीहरुले नापी कार्यालय घेराउ गरेका हुन्।

जग्गा धनी भनिएका स्थानीय जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १७ निवासी उमेश यादवले २०७२ सालदेखि नै कित्ताकाट रोकिएको कारण नापीका कर्मचारीहरु ५०/५० रुपैयासम्म घुस लिई बन्द अवस्थामा पनि कित्ताकाट गर्दै आएको आरोप लगाउँदै अब कित्ताकाट खुलेपछि उनीहरुको घुस खाने बाटो बन्द हुँदा अहिलेसम्म नखालेको बताए।

उनले कित्ताकाट नखुल्दा यहाँका स्थानीयको उद्योग व्यवसाय, शिक्षा र उपचार समेत प्रभावित भइरहेको बताए। 'कित्ताकाट नखुलेको कारण कयौं जग्गाधनी सम्पति हुँदा आ आफ्ना छोराछोरीलाई बाहिर पढाउन पाएका छैनन्।' उनले भने 'व्यवसायीहरु आ आफ्ना व्यवसायमा थप पूँजी लगाउन नपाएर समस्या भोग्न बाध्य छन्।यस्तै धनुषाका कमला नगरपालिका ९ निवासी रामउदित ठाकुरले भने छोरालाई पढाउन बाहिर पठाउन जग्गा बेचेपनि कित्ताकाट भावले नामसारी हुन नसक्दा पैसा पाउन नसकेको पीडा सुनाए। उनले आर्थिक अवस्था कमजोर भएको कारण ऋण खोज्दा अहिले मिटरब्याजीको हल्लाले साहु महाजनले ऋण नदिएको बताए।

'ऋण नपाएपछि जनकपुरधामस्थित ६ धुर जग्गा बेच्यौं, तर कित्ताकाट अभावले जग्गा नामसारी हुन नसक्दा न छोरा बाहिर जान सकेको छ, न रकम पाएको छु।' उनले आफ्नो समस्या सुनाए।

स्थानीय जग्गा व्यवसायी र धनीले कार्यालय घेराउ गरेपछि कार्यालय प्रमुख सुमन किशोर मिश्रले छलफलका लागि आन्दोलनरत पक्षलाई बोलाएका थिए। उनले संशोधित ऐन र परिपत्र अध्ययनका लागि रोकेको बताए। आन्दोलनकारीहरुले स्थानीय तहले सडक बाटो प्रमाणित सहितको सिफारिस पठाएपछि मात्र गर्ने प्रतिबद्धता जनाएका छन्।

'संशोधित ऐन र परिपत्र अध्ययन गर्दा १३० वर्गमीटरको हकमा जुनसुकै बेला कित्ताकाट गर्न तयार छौं' उनले भने 'तर ऐन अनुसार ८० वर्गमिटरको हकमा ऐन कानूनको मापदण्डमा रहेर मात्र गर्नेछौं। न्यूनतम ८० वर्गमीटरको हकमा के छ मापदण्ड भन्ने विषयमा मिश्रले भने ऐन तथा परिपत्रमा स्थानीय तहले निर्धारण गरेको सडक बाटोको मापदण्ड गर्ने भनिएको छ।'

त्यस अनुरुप जनकपुरधाम नगरपालिकाले निर्धारण गरेको कृषि तथा गैरकृषि क्षेत्रमा गरेको बाटो कायम विवरण पठाउन माग गरेका छौं। त्यहाँबाट विवरण आएपछि त्यस अनुरुप सडक बाटो हेरेर कित्ताकाट गर्नेछौं।

आन्दोलनमा सहभागीहरुले कार्यालय प्रमुखसँग छलफलमा सहमति नभएपछि कार्यालय नजिक रहेका लेखापढी व्यवसायीसहित नजिकै रहेका मालपोत कार्यालय समेत बन्द गराएका थिए। आन्दोलनलाई उग्ररुप लिन नदिन नेपाल प्रहरी तथा सशस्त्र प्रहरी दर्जनौंको संख्यामा परिचालन गरिएको थियो।

**मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं।**







खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर, धनुषा